आज मिति २०७७ आश्विन २८ गते बुधवारका दिन दिउसो १.०० बजे यस लमही नगरपालिकाका नगरप्रमुख श्री कुलबहादुर के.सी.ज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहायका निर्णयहरु गरियो ।

उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कुल बहादुर के.सी. | नगर प्रमुख | |
| २ | श्री देवका बेल्बासे | नगर उपप्रमुख | |
| ३ | श्री तुमराज पौडेल | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेपालु चौधरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री बाबुराम चौधरी | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री सुवाश न्यौपाने | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री विम बहादुर के.सी. | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री गणेशमान चौधरी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री मोहन गिरी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री मेघनारायण चौधरी | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री भेष बहादुर के.सी. | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री राधा देवी के.सी. | नगर कार्यपालिका सदस्य | |
| १३ | श्री नारायणी खड्का | नगर कार्यपालिका सदस्य | |
| १४ | श्री अनिता चौधरी | नगर कार्यपालिका सदस्य | |
| १५ | श्री पार्वती विश्वकर्मा | नगर कार्यपालिका सदस्य | |
| १६ | श्री सुनिता कुमारी चौधरी | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री बम बहादुर विश्वकर्मा | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री ठगे नेपाली | नगर कार्यपालिका सदस्य | |
| १९ | श्री रमेश कुमाल | नगर कार्यपालिका सदस्य | |
| २० | श्री नोखिराम ओली | सचिव | |

Scanned with CamScanner

## मिति २०७७०६।२८ गते बसेको नगर कार्यपालिका बैठकको निर्णयहरु :

**निर्णय नं. १ :** महिला, ज्येष्ठ नागरीक, अपाङ्गता तथा बालबालिकाको सर्वोपरी हितको लागि महिला तथा बालबालिका उपशाखाबाट पेश भएका तपसिल अनुसारका कार्याबिधिलाई स्वीकृत गर्ने ।

**तपसिल**

क) बाल सञ्जाल गठन तथा संचालन कार्याविधि, २०७७

ख) अपाङ्गता सञ्जाल गठन तथा संचालन कार्याविधि, २०७७

ग) ज्येष्ठ नागरीक सञ्जाल गठन तथा संचालन कार्याविधि, २०७७

घ) लैङ्गिक हिंसा निवारण कोष संचालन कार्याविधि, २०७७

ङ) हिंसा प्रभावित महिला तथा बालबालिकाको लागि अल्पकालिन सेवा केन्द्र संचालन सम्बन्धी कार्याविधि, २०७७

**निर्णय नं. २ :** लमही नगरपालिका भित्र संचालित अस्पताल, स्वास्थ्य चौकी तथा स्वास्थ्य केन्द्र लगायतका स्वास्थ्य संस्थाहरुलाई थप व्यवस्थित रुपबाट संचालन व्यवस्थापनको लागि जनस्वास्थ्य उपशाखाबाट पेश भएका देहायका कार्याविधि स्वीकृत गर्ने ।

**तपसिल**

क) लमही नगरपालिका स्थानीय स्वास्थ्य संस्था व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७७

ख) सुत्केरी आमा संग उपमेयर कार्यक्रम संचालन निर्देशिका, २०७७

ग) प्रयोगशाला विस्तार सम्बन्धि कार्याविधि, २०७७

घ) कविराज तथा आर्युवेद सेवा सम्बन्धी कार्याविधि, २०७७

ङ) लमही नगरपालिकाको सातौं नगरसभावाट स्वीकृत जनस्वास्थ्य उपशाखाबाट संचालन कार्यक्रम संचालन कार्याविधि, २०७७

**निर्णय नं. ३ :** लमही नगरपालिकाको न्यायिक समितिबाट मिति २०७६।१२।०७ गते मानाचामल मुद्दामा भएको फैसला बमोजिम लमही नगरपालिका वडा नं. ८ सतवरिया घर भै हाल घोराही उपमहानगरपालिका वडा नं. १२ नारेवाङ वस्ने बर्ष २५ को श्रृजना के.सी.ले लमही नगरपालिका वडा नं. ८ सतवरिया बस्ने बर्ष २८ का रविन के.सी.बाट माना चामल रकम दिलाई भराइ पाउँ भनि निवेदन पेश गरेको सम्बन्धमा न्यायिक समितिवाट भएको निर्णय बमोजिम गर्नु गराउन सम्वन्धित वडा कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं. ४ :** अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण सम्वन्धी कार्यविधि, २०७५ को दफा ६ (१) अनुसार समन्वय समिति सम्बन्धि व्यवस्थाको (ग) मा नगरपालिका भित्रका माध्यमिक विद्यालयका प्र.अ.वा स्रोत व्यक्ति मध्येबाट नगर कार्यपालिकाले तोकेको व्यक्ति सदस्य हुने भन्ने व्यवस्था अनुसार श्री खिम बहादुर शाह मा.वि का प्र.अ.लाई समन्वय समिति सदस्यको रुपमा चयन गर्ने ।

**निर्णय नं. ५ :** लमही नगरपालिका स्थानीय स्वास्थ्य संस्था व्यवस्थापन तथा संचालन कार्याविधि, २०७७ को दफा ३ (च) मा भएको व्यवस्था अनुसार लमही अस्पताल व्यवस्थापन समितिमा कार्यपालिकाबाट श्री गंगाराम भट्टराई, श्री पार्वती थापा र श्री ओमप्रकाश सुवेदीलाई मनोनयन गर्ने ।